# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्याः १२ मिति : २०७९/११/१४

## भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७९।११।१४ मा जारी गरेको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्बत् २०७९ सालको नियम नं. १०**

## महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका थप आर्थिक सुबिधा कार्यबिधि २०७९

**(पहिलो संशोधन मितिः २०८३।०६।०७)**

# महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका थप आर्थिक सुबिधा कार्यबिधि,२०७९

प्रमाणिकरण मितिः२०७९।११।१४
पहिलो संशोधन मितिः२०८३।०६।०७

**प्रस्ताबनाः-**

महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाहरुले खोप,पोषण,सुरक्षित मातृत्व,परिवार नियोजन कार्यक्रमकासाथै क्षयरोग तथा कुष्ट रोग नियन्त्रण,औलो र यौनरोग तथा एच.आई.भि.एड्स नियन्त्रण जस्ता स्वास्थ्य सम्बन्धी कार्यक्रममा स्थानीय, प्रदेश र राष्ट्रिय लक्ष अनुसार प्रगति हासिल गर्ने कार्यमा सहयोग पुऱ्याउँदै मातृ मृत्युदर, शिशु मृत्युदर, बालमृत्यु दरमा कमी आएको र समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्न, स्वस्थ, निरोगी समुदाय निर्माणमा टेवापुऱ्याउँन महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाहरुलाई परिचालनमा उत्प्रेरित गर्नकालागि थप आर्थिक सुबिधाको ब्यबस्था गर्न आबश्यक देखिएकोले प्रशासकिय कार्यबिधी (नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दियको अधिकार प्रयोग गरी गेरुवा गाउँ कार्यपालिका बाट महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका थप आर्थिक सुबिधा कार्यबिधि, २०७९ जारी गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यबिधीको नाम महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका थप आर्थिक सुबिधा कार्यबिधी, २०७९ रहेको छ।

(ख) यो कार्यबिधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ।

**२.परिभाषाः-**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा,

(क) कार्यबिधि भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका थप आर्थिक सुबिधा कार्यबिधी, २०७९ सम्झनु पर्दछ।

(ख) महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका भन्नाले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका कार्यक्रम रणनिति २०६७ पहिलो संसोधन २०७६ को २.३.२ (क) मा उल्लेख भए अनुसारको छनौट प्रकृया पुऱ्याई स्वास्थ्य आमा समुहको बैठकले छनौट गरिएको महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका सम्झनु पर्दछ।

(ग) थप आर्थिक सुबिधा भन्नाले नेपाल सरकार बाट महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाहरुलाई प्राप्त हुने आर्थिक सुबिधामा गेरुवा गाउँपालिका बर्दिया बाट थपगरी दिइने सुबिधा सम्झिनु पर्दछ।

(घ) स्वास्थ्य आमा समुह भन्नाले समुदायको सहभागितामा स्थानिय स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मिले प्रजनन् उमेरका महिलाहरुलाई समाबेश गरी समुदायमा गठन भएको समुह लाई सम्झनु पर्दछ।

## ३.थप आर्थिक सुबिधा सम्बन्धी ब्यबस्था

(क) मासिक संन्चालन हुने खोपक्लिनिक, गाउँघर क्लिनिक हरुमा सहयोग आमा समुहको बैठक बसाली स्वास्थ्य शिक्षा प्रदान , महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाले गरेको कामको प्रतिबेदन बुझाउन स्वास्थ्य संस्थामा हुने मासिक बैठकमा उपस्थित भई छलफलमा सहभागी हुने जस्ता कार्य गरे अनुसार गेरुवा गाउँपालिका बर्दिया बाट मासिक *रु.२४००।–(दुई हजार चार सय) यातायात खर्च प्रदान गरिनेछ ।

(ख) नागरिकताको आधारमा ६० बर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकालाई गेरुवा गाउँपालिका बर्दिया बाट कदरपत्र सहित एकमुष्ठ रु.१०००००।–(एक लाख) आर्थिक सहयोग प्रदान गरिनेछ।

(ग) न्युनतम सेवा अवधी ५ (पाँच) बर्ष भई महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाको असामयिक निधन भएमा गेरुवा गाउँपालिका बर्दिया बाट एकमुष्ठ रु. १०००००।-(एक लाख) आर्थिक सहयोग प्रदान गरिनेछ।

## ४.देहायको अवस्थामा थप आर्थिक सुविधादिन नसकिने

(क) महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाको भुमिका निर्वाह गर्ने ईच्छा नभई राजिनामा गरेमा ।

(ख) अन्यत्र बसाई सरी गएमा

## (५). थप आर्थिक सुबिधा प्राप्त गर्नका लागी पेश गर्नुपर्ने कागजात

(क) मासिक संन्चालन हुने खोपक्लिनिक, गाँउघर क्लिनिक हरुमा सहयोग आमा समुहको बैठक बसाली स्वास्थ्य शिक्षा प्रदान , मासिक रुपमा गरेको कामको प्रतिबेदन बुझाउन स्वास्थ्य संस्थामा हुने मासिक बैठकमा उपस्थित भई छलफलमा सहभागी हुने जस्ता कार्य गरे अनुसार उपस्थिती निर्णय तथा प्रतिबेदन र फोटो सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस पत्र सहित स्वास्थ्य संस्था मार्फत गेरुवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा पेश गर्ने।

(ख) नागरिकताको आधारमा ६० बर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाले नागरिकता प्रमाण-पत्रको प्रतिलिपी , तालिम प्राप्त प्रमाण-पत्रको प्रतिलिपी, परिचयपत्रको प्रतिलिपी सम्बन्धित वडा कार्यालय र सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस पत्रकासाथै थप आर्थिक सुबिधा पाउँ भन्ने निबेदन सहित गेरुवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा पेश गर्नुपर्नेछ।

* पहिलो संशोधन द्धारा संशोधित

(ग) न्यूनतम सेवा अवधी ५ (पाँच) बर्ष भई महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाको असामयिक निधन भएमा सम्बन्धीत महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाको पति, पति नभएमा छोरा वा छोरी, छोरा वा छोरी नभएमा नजिकको हकवाला नातेदारले मृत्यु दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, तालिम प्राप्त प्रमाण-पत्रको प्रतिलिपी, परिचयपत्रको प्रतिलिपी सम्बन्धित वडा कार्यालय र सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस पत्रकासाथै थप आर्थिक सुबिधा पाउँ भन्ने निबेदन सहित गेरुवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा पेश गर्नुपर्नेछ।

**६.बिविध**

(क) यस कार्यबिधिमा उल्लेख नभएका वा समाबेस नभएका बिषयका सम्बन्धमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका कार्यक्रम रणनिति २०६७ पहिलो संसोधन २०७६ र प्रचलित ऐन, कानुन, नियम, बमोजिम हुनेछ।

**७.संशोधन तथा खारेज**

(क) गेरुवा गाउँपालिका बर्दियाले यस कार्यबिधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ।

आज्ञाले
बस बहादुर राना
प्रमुख प्रशासकिय अधिकृत